नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३–४२४९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

पत्र संख्याः-०७९/८०
चलानी नं.:

## सूचिकृत/नविरण हुने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः२०७९।०४।१५
सूचना नं.-०१

आ.व. २०७९/८० मा यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जा अन्तर्गत तपसिलका कार्यक्षेत्रहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले सोही कार्यक्षेत्र भित्र पर्ने वा कार्यक्षेत्र बनाई सम्बन्धित सरकारी निकायमा कानुन बमोजिम नियमानुसार दर्ता भएका/नियमित नविकरण गरि रहेका इच्छुक कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्त्त समिति/कृषि उद्यमी/कृषि फर्महरुलाई आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात् (मिति२०७९।०५।१३ गते भित्र) यस परियोजना कार्यान्वयन एकाइको कार्यालय स्याङ्जा वा जोन प्राविधिक एकाइ गल्याङ र वालिङ्ग वा आँप/लिचि जोन सञ्चालन समन्वय समितिको कार्यालय चापाकोटमा आई सूचिकृत/नविकरण गर्नु हुनका लागि सम्बन्धित सबैमा जानकारी गराइन्छ। रित नपुगी पेश हुन आएको निवेदकलाई सूचिकृत/नविकरण गरिने छैनासूचना कार्यालयको वेबसाइट **http://piusyangja.pmamp.gov.np/** मा र यस कार्यालयको सूचना पाटीमा समेत उपलब्ध छ। साथै थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

नोटः गत आ.व.हरुमा सूचिकृत भएका कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्ता समिति/कृषि उद्यमी/कृषि फर्महरुले पुन संस्थाको अध्यावधिक विवरण सहित नविकरण गर्नु पर्नेछ। साथै नयाँ सूचिकृत हुने कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्ता समिति/कृषि उद्यमी/कृषि फर्महरुले जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात (लालपुर्जा) पेश गर्नुपर्नेछ।

**तपसिलः**

| क्र.स. | जोन/सुपरजोन | स्थानीय तह | कार्यक्षेत्रहरु |
|---|---|---|---|
| १ | सुन्तला सुपरजोन | पुतलीबजार नगरपालिका | वडा नं. १,२,३,७,१०,११,१३ र १४ |
| | | भीरकोट नगरपालिका | वडा नं. १,२,३,६.७ र ८ |
| | | वालिङ्ग नगरपालिका | वडा नं. ४ |
| | | अर्जुनचौपारी गाउँपालिका | वडा नं. १ र २ |
| | | स्याङ्जा जिल्ला भर | कम्तिमा २०० रोपनी (१० हे.) क्षेत्रफल भएका र सम्भावना रहेका कलस्टरहरु समावेश हुने गरी सुन्तला बाली लगाइएका क्षेत्रहरु। |
| २ | मसलाबाली जोन (अदुवा/वेसार) | गल्याङ न.पा., चापाकोट न.पा., वालिङ्ग न.पा. र कालीगण्डकी गा.पा. | सम्पूर्ण वडाहरु। |
| ३ | आँप/लिचि जोन | चापाकोट नगरपालिका | सम्पूर्ण वडाहरुको समथर एवं सम्भावित क्षेत्रहरु। |
| | | गल्याङ नगरपालिका | वडा नं. १,२,३,९ र ११ को समथर एवं सम्भावित क्षेत्रहरु। |
| ४ | भैंसी जोन | वालिङ्ग नगरपालिका | सम्पूर्ण वडाहरु। |
| | | भीरकोट नगरपालिका | वडा नं. १,२,४,५,६ र ७ |
| | | गल्याङ नगरपालिका | वडा नं. १,२,८,९,१० र ११ |
| ५ | कफि | पुतलीबजार नगरपालिका | सम्पूर्ण वडाहरु। |
| | | भीरकोट नगरपालिका | वडा नं. ५ र ८ |
| | | वालिङ्ग नगरपालिका | वडा नं. ४ र १४ |
| | | गल्याङ नगरपालिका | वडा नं. २,७ र ११ |
| | | अर्जुनचौपारी गाउँपालिका | वडा नं. १,२ र ६ |
| | | विरुवा गाउँपालिका | वडा नं. १ र ४ |
| | | फेदिखोला गाउँपालिका | वडा नं. १,२,३ र ४ |
| | | आँधिखोला गाउँपालिका | वडा नं. २,३,४ र ६ |

आवश्यक कागजातहरुः

१) रु. १० को हुलाक टिकट टाँस सहितको सूचिकृत/नविकरण हुन पाउँ भनि तोकिएको ढाँचामा निवेदन।
२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
३) सम्बन्धित सरकारी निकायमा नियमानुसार दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण-पत्रको प्रतिलिपि, अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि। (समूह/सहकारी/समितिको हकमा अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन।)
४) समूह/सहकारी/समितिहरुको हकमा यस एकाइमा सूचिकृत/नविकरण हुनको लागि कार्य समितिको बैठक निर्णयको प्रतिलिपि।
५) परियोजना कार्यान्वयन एकाइद्वारा तयार गरिएको फर्मेट अनुसारको सम्बन्धित बाली/वस्तुहरुको तथ्याङ्क सम्बन्धि स्पष्ट रुपमा विवरण भरिएको फाराम अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
६) जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात (लालपुर्जा) को प्रतिलिपि।

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रको लागी कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकरण"